निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

सू.नं: ३५

मितिः २०८२/०७/२१

# वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई हुने बारे सुचना

पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको सिमाना भएर बग्ने निस्दी खोला र कालीगण्डकी नदीको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा र माटोको दिगो संकलन तथा निकासी कार्य गर्न प्रारम्भिक वातावरणिय परीक्षण भई रहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने नदी र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | IEE गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| १. | कालीगण्डकी नदी र निस्दी खोला | कालीगण्डकी नदीको भोटाहा घाट र निस्दी खोलाको सहलकोट वडा नं.२ र झिरुबास, वडा नं ३ किनार तथा बगर क्षेत्र। | निस्दी गाउँपालिका अन्तरगतका सम्पुर्ण वडाका नदी तथा सहायक खोला किनार छेउका बस्ति तथा सम्पदाहरु। |

"वातावरण संरक्षण ऐन, २०७६", "वातावरण संरक्षण नियमावली, २०७७", यस निस्दी गाउँपालिकाको " निस्दी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९" बमोजिम वातावरण परीक्षण गर्नुपर्नेछ। यो प्रस्ताव गर्नु अघि यो प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरि प्रारम्भिक वातावरणिय परीक्षण गर्नु पर्ने भएकाले सम्पुर्ण सरोकारवाला व्यक्ति तथा संस्थालाई निम्न स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिको लागि अनुरोध गरिन्छ।

<u>तपसिल</u>

| मिति | स्थान | समयः |
|---|---|---|
| २०८२/०७/२६ | कालिगण्डकी भोटाहा घाट, वडा नं १ | बिहान १० बजे |
| २०८२/०७/२७ | कुदरखोला डुबान सहलकोट वडा नं.२ | बिहान ८ बजे |
| २०८२/०७/२७ | ओइरिघाट झिरुबास, वडा नं ३ | दिउँसो १ बजे |

२०८२/०७/२१

नि.प्रमुख प्रशासकीय अधिकृत